# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प.सं. ०७५/७६
च.नं. 262

मिति-२०७५/०८/१४

विषय- सूचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै )
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७५/७६,च.नं. २४८ को पत्रानुसार बैदेशिक रोजगार प्रवर्धन बोर्ड सचिवालयको बैदेशिक रोजगार छात्रवृत्तिका लागि आबेदन दिने बारेको सूचना त्यहाँ कार्यालयको सूचना पाटीमा टाँस गर्नुहुन अनुरोध छ ।साथै बिस्तृत जानकारीको लागि गाउँपालिकाको वेबसाइट र मोबाइल एपमा समेत हेर्न सकिने छ ।

सूर्य प्रसाद तिमिल्सिना
सूचना प्रविधि अधिकृत

**सूचना प्रविधि अधिकृत**

नयाँ बानेश्वर, काठमाण्डौ
फोन नं. ०१-४१०५०६८
४१०५०५८
फ्याक्स नं.०१-४१०५०६१

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

प. सं. ०७५/७६
च. नं. २४८

मिति-२०७५।०८।१२

विषय-आवाश्यक सहयोग गरिदिनुहुन ।

दर्ता नं.:- ९५९३
मिति:- ०७५।८।१३

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार,काठमाण्डौ

विषय-आवाश्यक सहयोग गरिदिनुहुन ।

यस वोर्ड सचिवालयबाट विगतका वर्षहरुमा जस्तै श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई मृत्यु, अंगभंग,वा विरामी भई यस सचिवालयबाट सतप्रतिशत(१००%) आर्थिक सहायता प्राप्त गरेका कामदारका छोराछोरीहरुलाई वैदेशिक रोजगार छात्रवृत्ति(शैक्षिक सत्र २०७५)का लागि निवेदन दिने सूचना गोरखापत्र दैनिकमा २०७५ मंसिर ८ गते प्रकाशित भईसकेको व्यहोरा अनुरोध गर्दै तहा मन्त्रालयसँग सम्वन्धित ७५३ वटै स्थानीय तहमा समेत तहाको webside एवं परिपत्र मार्फत आवाश्यक जानकारी गराई सहयोग गराईदिनुहुन आदेशानुसार अनुरोध छ । साथै उक्त सूचनाको छाँयाप्रति यसैपत्रसाथ संलग्न छ ।

बोधार्थ

श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार,काठमाण्डौ

०७५-८-१२

गोविन्द प्रसाद आचार्य

(शाखा अधिकृत)

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. २६९
मिति: ८।१३

...शिक्षक दरबन्दी मिलान गरिने ...योजनालाई अगाडि सारिएको छ।

056-890088, 056-890092 @cablecarmanakamana
@cablecarmanakamana www.chitawoncoe.com.np / manakamana
info@chitawoncoe.com.np

प्रकाशित मिति ०७५/८/८

नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड सचिवालयको

## वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७५) का लागि निवेदन दिने बारेको सूचना

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधिभित्र मृत्यु भएका वा पूर्णरूपमा अशक्त बा गम्भिर विरामी भएका कामदारका बालबालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफ्नो जिल्लाको सम्बन्धित शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसुचि (१) बमोजिमको ढाँचामा २०७५ साल पौष मसान्तभित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- मृत्यु भएका वा पूर्णरुपमा अशक्त भएका कामदारका छोरा छोरीले आफु अध्ययनरत सम्बन्धित शैक्षिक संस्थामा अनुसुचि (१) बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट **शतप्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा छोरी हुनु पर्नेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निबेदन दिन सक्नेछन।
- मिति २०७५ पौष मसान्तसम्म उपरोक्त अनुसारकोआर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई छात्रवृति उपलब्ध गराइनेछ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (हाल सम्म छात्रवृत्ति प्राप्त नगरेकाहरूका लागि )**

- कामदारको श्रम स्वीकृतिको निस्सा(स्टिगर)को प्रतिलिपि
- निवेदकको संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- वैदेशिक रोजगारमा गई सोही क्रममा मृत्यु भएका कामदारको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि
- मृत्यु भएका वा पूर्णरुपमा अशक्त भएका कामदारको पासपोर्टको प्रतिलिपि र पासपोर्ट नं. (बोर्ड सचिवालयबाट आर्थिक सहायता प्रदान गर्दा लगाएको छाप समेत)
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागजात
- वच्चाको जन्मदर्ताको प्रतिलिपि
- निवेदक र कामदार वीचको नाता प्रमाणको प्रतिलिपि
- सम्बन्धित स्थानीय तहको सिफारिस

**यस अगाडि देखि नै वैदेशिक रोजगार छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरुको हकमा सम्वन्धित विद्यार्थिको निवेदन र अध्ययन गरिरहेको विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र पेश गर्नु पर्ने छ।**

**छात्रवृत्तिको सीमा**

- बार्षिक रुपमा आधारभूत तहका लागि रु ८,०००। (आठ हजार) र माध्यामिक तहका लागि रु १२,०००। (बाह्र हजार) प्रदान गरिने छ।
- एक विद्यार्थीलाई एउटा कक्षामा एक पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट वैदेशिक रोजगार छात्रवृत्ति उपलब्ध गराइनेछ।

**विद्यालयको जिम्मेवारी**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने।
- सम्बन्धित विद्यालयले आफू समक्ष परेका निवेदन संकलन गरी वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचबुझ गर्नु पर्नेछ।
- निवेदनहरुको जाँचबुझबाट उपयुक्त ठहर गरेका निवेदनहरू सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा सिफारिस सहित २०७५ माघ मसान्त भित्र जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनुपर्ने छ।
- सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्राप्त छात्रवृत्तिको रकम सम्बन्धित सबै विद्यार्थीलाई उपलब्ध गराई सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ।

**शिक्षा विकास तथा समन्वय इकाइको जिम्मेवारी**

- जिल्ला भित्रका सबै विद्यालयहरूलाइ सो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम छात्रवृत्ति पाउने विद्यार्थीको विवरण संकलन गरी शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्न जानकारी गराउने।
- सम्बन्धित विद्यालयबाट सिफारिस सहित प्राप्त हुन आएका छात्रवृत्ति सम्बन्धी निवेदनहरुलाई जाँच गरी कार्यविधिको अनुसुची (३) मा उल्लिखित विवरण खुल्ने गरी २०७५ फागुन मसान्तभित्र शिक्षा तथा मानव श्रोत विकास केन्द्र मार्फत छात्रवृत्ति रकम निकासाका लागि वैदेशिक रोजगार प्रवर्द्धन बोडको सचिवालयमा पठाउनु पर्नेछ।
- बोर्ड सचिवालयबाट शिक्षा तथा मानव श्रोत विकास केन्द्र मार्फत वा सोझै पठाएको छात्रवृत्ति रकम सम्बन्धित विद्यालयमार्फत छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीलाई उपलब्ध गराई सोको भर्पाई बोर्ड सचिवालयमा पठाउने व्यवस्था गर्नुपर्नेछ।

नोटः वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यीविधि, २०७१ वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको वेवसाइट www.fepb.gov.np र शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेवसाइट www.doe.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।